झगडियालाई चौतारी, थुनुवालाई पुस्तक

खप्तड समाचारदाता
बैतडी २६ वैशाख

स्थानीय स्तरमा हुने विवाद तथा झैझगडा साम्य पार्न जिल्ला प्रहरी कार्यालयले मेलमिलाप चौतारी संचालनमा ल्याएको छ। स्थानीय तहको न्यायिक समितिमा मेलमिलाप गराईने प्रकृतिका मुद्दा लिएर सर्वसाधारण प्रहरी कार्यालयमै उजुरी दिन आउन थाले पछि प्रहरीले मेलमिलाप चौतारी संचालनमा ल्याएको हो।

इलाका प्रहरी कार्यालय पाटनको प्रांगणमा टुनीको रूख मुनि रातो माटोले पोतिएको भुईंमा काठका मुद्दा राखेर गोलाकारमा मेलमिलाप चौतारी निर्माण गरिएको छ। झगडिया तथा विवाद गर्ने पक्ष/प्रति पक्षको मन गमाल्न मेलमिलाप चौतारी छेउछाउका हुनाको स्लेटमा विभिन्न उद्धरण तथा स्लोगन लेखिएका छन्।

झुटो बोलेर एकछिन अरुलाई ढाँट्न सकिएला तर आफ्नै अन्तरमनलाई ढाँट्न सकिँदैन जस्ता सन्देशले झगडियालाई मनोवैज्ञानिक रुपमा साँचो कुरा बोल्न दबाब पुग्ने प्रहरी निरीक्षक सरोज कुमार ठकुराठीले बताउनु भयो। उहाँले भन्नु भयो, प्रहरी चौकीमा आउने बित्तिकै कुटाइ खानु पर्ने हो कि? भन्ने सर्वसाधारणमा मनोवैज्ञानिक त्रास हुन्छ। अहिलेको प्रहरी त्यस्तो छैन।

मानव अधिकारको रक्षा गर्ने कुरालाई ध्यान दिएका हुन्छौं। त्यसैले झगडा र सामान्य कुटपिटका मुद्दा लिएर आउनेलाई पहिले हुँगामा लेखिएका सन्देश पढ्न लगाउँछौं।

गर्वका साथ सेवा, सम्मानका साथ सुरक्षा जस्ता उद्धरणले सर्वसाधारण र प्रहरी दुवैको मनोबल बढाएको उहाँले दावी गर्नु भयो। झगडियालाई केहि मिनेट प्रहरी चौकी भित्र लेखिएका विभिन्न सन्देश पढाउँदै घुमाए पछि बल्ल मेलमिलाप चौतारीमा बस्न लगाईने गरेको छ। चालु आर्थिक वर्षको साउन देखि वैशाख दोस्रो हप्तासम्म फूलको गमला चोरेको, बाटोमा हिँड्दा युवा बिच झगडा भएको, मोटरसाईकल ठोक्किएका जस्ता ६७ वटा झैझगडा सम्बन्धी मुद्दाको मेलमिलाप गराएर पठाईएको प्रहरीले जनाएको छ।

त्यसै गरी श्रीमान्ले कुटपिट गरेको, नागरिकता बनाउन आनाकानी गरेको, सासूले खाना नदिएका जस्ता घरेलु हिंसाका घटना पनि ठाडो उजुरीका मुद्दा पनि मिलाएर पठाईएको प्रहरी कार्यालयले जनाएको छ। हालसम्म महिला सम्बन्धी ५९ वटा ठाडो उजुरी निवेदन परेकोमा २३ वटा मेलमिलाप गराएको, ३४ वटा मुद्दामा नसिहत दिएको र दुई वटा मुद्दा अदालतमा दर्ता भएका छन्।

यस जिल्लाको पाँच वटा स्थानीय तहका मुद्दा हेर्ने अधिकार पाएको इलाका प्रहरी कार्यालय पाटनमा चालु आवमा सवारी ज्यान, जबरजस्ती करणी, ज्यान सम्बन्धी गरेर गम्भीर प्रकृतिका ६० वटा मुद्दामाथि अनुसन्धान भई अदालतमा पेस भएका छन्। इलाका प्रहरी कार्यालयले थोरै जनशक्तिका बावजुद पनि तुल्ने भूगोल र यतिको जनसंख्याको शान्ति सुरक्षा गर्नु पर्दा यातायात र भौगोलिक कठिनाई भोग्नु परेको बताईएको छ। इलाका प्रहरी कार्यालय पाटनले गम्भीर प्रकृतिका अपराधमा मुद्दा दर्ता भएर अनुसन्धानका क्रममा थुनामा रहेका व्यक्तिका लागि थुनुवा कक्ष (प्रहरी हिरासत) भित्र पुस्तकालय स्थापना गरेको छ।

पुस्तकालयमा आमा उपन्यास, महाभारत, बा-आमा, गौतम बुद्ध, कम्पन्न, गोप्य जीवन जस्ता पुस्तक राखिएको प्रहरी निरीक्षक ठकुराठीले जानकारी दिनु भयो। पुस्तक पढ्न नसक्नेका लागि थुनुवा कक्षको पुस्तकालयमा रेडियो पनि राखिएको जनाईएको छ।

घरायसी झगडामा आमाबुवा बिच कुटपिट हुँदा आमासँगै बालबालिका निराश भएर प्रहरी कार्यालयमा आउने गरेका छन्। पीडित महिला बालबच्चा बोकेर प्रहरी चौकीमा आउँदा बाल मनोविज्ञानमा असर परेकाले प्रहरी कार्यालय भित्र बाल उद्यान निर्माण गर्ने तयारी भई रहेको उहाँले बताउनु भयो।

प्रस्ताव आव्हान सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/२७)

डिभिजन वन कार्यालय अछामको आ.व. २०८०/०८१ को लागि स्वीकृत राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ ससर्त अनुदान) अर्न्तगतको अछाम जिल्लामा कृषि वन कार्यक्रम कार्यान्वयका लागि कृषि वन प्रणाली प्रवर्द्धन गर्न इच्छुक नीजी जग्गा धनी, संघ संस्था, तथा समूहहरूले उल्लेखित कार्यक्रमका लागि प्रस्ताव सहित माग गरिएका कागजातहरू संलग्न गरी यस कार्यालयमा १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा सिलवन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना र प्रस्तावको ढाँचा कार्यालय समय भित्र यस कार्यालयबाट वा कार्यालयको वेवसाईट www.dfoachham.gov.np बाट प्राप्त गर्न सकिनेछ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ। थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयको फोन नं. ०९७-६२०१४५ वा मो.नं. ९८४६२६०२०९ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

डिभिजन वन कार्यालय अछाम

प्रस्ताव आव्हान सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१/२७)

डिभिजन वन कार्यालय अछामको आ.व. २०८०/०८१ को लागि स्वीकृत EbA II आयोजना अन्तर्गत CLIPS र NTFP (टिमुर, अल्लो, दाल चिनी, मह, घिउ, च्याउ, बेसार, चिउरी, आदी) स्थानिय तहहरू, समूहहरूका लागी योजना तयार, उत्पादन र प्रशोधन सम्बन्धी उपकरण खरिद सहयोग, जडान र संचालन सहयोग कार्यक्रम रहेकोले प्रस्तावसंग सम्बन्धित ईच्छुक उद्यमी समूह, उपभोक्ता समूह/समिति, संघ/संस्था, कृषक समूहहरूले उल्लेखित कार्यक्रमका लागि प्रस्ताव सहित माग गरिएका कागजातहरू संलग्न गरी यस कार्यालयमा १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना र प्रस्तावको ढाँचा कार्यालय समय भित्र यस कार्यालयबाट वा कार्यालयको वेवसाईट www.dfoachham.gov.np बाट प्राप्त गर्न सकिनेछ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ। थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयको फोन नं. ०९७-६२०१४५ वा मो.नं. ९८४६२६०२०९ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

कार्यक्रम लागु हुने स्थान :- रामारोशन गा.पा, मेल्लेख गा.पा. र साँफेबगर न.पाका क्षेत्रहरू।

डिभिजन वन कार्यालय अछाम

जनहितमा जारी सन्देश

- उपभेक्ता हित संरक्षणमा चनाखो बनौं,
- बालबालिकालाई काममा हाईन विद्यालय पठाऔं,
- प्लाष्टिक मुक्त पालिका बनाउन सहयोग गरौं,
- मिसावट गरिएका, सडे गलेका तथा अस्वथकर खाने कुरा नखाऔं,
- सडक तथा सार्वजनिक स्थानमा छाडा रूपमा पशु चौपायाहरू नछोडी सभ्य नागरिकको परिचय दिऔं,
- आफ्नो घर वरपर विरूवा रोपी हरित पालिकाको रूपमा विकास गरौं,
- सडक तथा पेटी किनारामा आवागमनमा अवरोध हुने गरि निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं,
- बसोबास स्थल, टोलमा व्यवासायिक रूपमा पशुपंक्षी पालन गर्दा छर छिमेकलाई असर नपर्ने गरि पालौं।

मेल्लेख गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

जनहितमा जारी सन्देश

- उपभेक्ता हित संरक्षणमा चनाखो बनौं,
- बालबालिकालाई काममा हाईन विद्यालय पठाऔं,
- प्लाष्टिक मुक्त पालिका बनाउन सहयोग गरौं,
- मिसावट गरिएका, सडे गलेका तथा अस्वथकर खाने कुरा नखाऔं,
- सडक तथा सार्वजनिक स्थानमा छाडा रूपमा पशु चौपायाहरू नछोडी सभ्य नागरिकको परिचय दिऔं,
- आफ्नो घर वरपर विरूवा रोपी हरित पालिकाको रूपमा विकास गरौं,
- सडक तथा पेटी किनारामा आवागमनमा अवरोध हुने गरि निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं,
- बसोबास स्थल, टोलमा व्यवासायिक रूपमा पशुपंक्षी पालन गर्दा छर छिमेकलाई असर नपर्ने गरि पालौं।

तुर्माखाँद गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

जनहितमा जारी सन्देश

- उपभेक्ता हित संरक्षणमा चनाखो बनौं,
- बालबालिकालाई काममा हाईन विद्यालय पठाऔं,
- प्लाष्टिक मुक्त पालिका बनाउन सहयोग गरौं,
- मिसावट गरिएका, सडे गलेका तथा अस्वथकर खाने कुरा नखाऔं,
- सडक तथा सार्वजनिक स्थानमा छाडा रूपमा पशु चौपायाहरू नछोडी सभ्य नागरिकको परिचय दिऔं,
- आफ्नो घर वरपर विरूवा रोपी हरित पालिकाको रूपमा विकास गरौं,
- सडक तथा पेटी किनारामा आवागमनमा अवरोध हुने गरि निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं,
- बसोबास स्थल, टोलमा व्यवासायिक रूपमा पशुपंक्षी पालन गर्दा छर छिमेकलाई असर नपर्ने गरि पालौं।

बान्नीगढी जयगढ गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

यस खप्तड न्यूज राष्ट्रिय दैनिकका लागि प्रकाशक : पुष्पप्रसाद उपाध्याय, सम्पादक : बम प्रसाद भट्ट, कार्यकारी सम्पादक : एकेन्द्र महता, सल्लाहकार सम्पादक : गोविन्द खड्का, कम्प्युटर लेआउट : रमन भट्ट
कार्यालय : बैरागीधारा मंगलसेन, अछाम सम्पर्क नं. ९८४८४३५६१६,९८६५६९५२१६ मुद्रण : खप्तड अफसेट प्रेस, शाखा कार्यालय : साँफेबगर,अछाम www.khaptadnews.com Email :khaptaddaily@gmail.com

Scanned with CamScanner